**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः२४८

मितिः २०८१/०२/२३

समयः बिहान ११:०० बजे

प्रारम्भः बिहान ११:१० बजे

अन्त्यः दिनको २:१५ बजे

**छलफल तथा निर्णय** :-

समितिको आज मिति २०८१/०२/२३ गते बसेको बैठकमा लुम्बिनी विकास कोषबाट भएका कामकारवाही, प्रमुख सवाल, समस्या र भावी कार्ययोजना सम्बन्धमा लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्हारकाल लामा, सदस्य सचिव सानुराजा शाक्य, आयोजना प्रमुख स्मीता भट्ट समेतसंग छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. राष्ट्रिय गौरवको आयोजना लुम्बिनी विकास कोषमा केन्जो टाँगेको गुरुआयोजना कार्यान्वयन गर्न आवश्यक बजेटको कमी रहेको, गुरुयोजना आफैमा पुरानो रहेको, लुम्बिनी, देवदह, तिलौराकोट, निग्लीहवा, रामग्राम लगायत बुद्धको जीवनीसँग सम्बन्धित विभिन्न स्थानहरुलाई जोड्ने र लुम्बिनी, मुक्तिनाथ, पाल्पा लगायतमा बुद्ध सर्किटहरु निर्माण गर्न एकिकृत विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने लगायतका विषयहरु उठान भएको थियो।
२. विश्व सम्पदा सूची बौद्धनाथ क्षेत्रको यथार्थ अवस्थाको जानकारी लिन मिति २०८१/०२/२४ गते बिहान ११:०० बजे बौद्ध क्षेत्र विकास समिति, स्थानीय सरोकारवाला निकाय र पक्षसंग अन्तरक्रिया गर्न स्थलगत अनुगमन गर्ने।
३. समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति